# १ प्रेरित पावल रोममा

*__यस अध्यायका मूल पदहरू__* रोमी १५:२०-२७, प्रेरित २८:१७-३१, फिलिप्पीहरूलाई १:१२, रोमी १:७, एफिसी १ र रोमी १५:१४।

*__यस अध्यायको कण्ठ गर्नुपर्ने मूल सार पद:__* **"प्रथमतः तपाईंहरू सबैको निम्ति येशू ख्रीष्टद्वारा परमेश्वरलाई धन्यवाद दिन्छु। सारा संसारका मानिसहरूले येशू ख्रीष्टप्रति तपाईंहरूको आस्था तथा निष्ठाको बारेमा चर्चा गरिरहेका छन्।" (रोमी १:८ रूपान्तरित)।**

पावलले लेखेका रोमीहरूका पुस्तकको अध्ययन गर्दा त्यस पुस्तकको इतिहास र पृष्ठभूमिबाट सुरू गर्नु जरुरी छ। परमेश्वरको वचन कुन सन्दर्भमा लेखिएको हो सो बुझ्नु पर्दछ। बाइबल अध्ययन गर्न त्यो कदम सधैं निर्णायक ठान्नुपर्छ। कुन विषयबस्तुलाई सम्बोधन गरेर लेखिएको हो सो बुझ्नु र जान्नु आवश्यक छ। विशेष समयमा विशेष कारणले गर्दा पावलले विशेष इसाई समूहको निम्ति पावलले आफ्नो पत्र लेखेका थिए। यदि यो पत्र लेखिएको परिवेशलाई हामीले थाहा पायौं भने उक्त पत्रको बारेमा बुझ्न हामीलाई ठूलो सहयोग मिल्दछ।

त्यसकारण यस पुस्तकको भावना बुझ्न काल्पनिक रूपमा हामी प्रथम शताब्दीको पश्चिमी देश युरोपको रोम जाऔं र त्यहाँका इसाई समूहका सदश्यहरूमा हामी समावेश होऔं। अनि हामी प्रथम् शताब्दीका रोमको चर्चका सदस्यहरू भएर त्यस समयमा पवित्र आत्माले पावललाई के वचन दिनुभएको थियो र उनले रोमका ती विश्वासीहरूलाई के सुनाउन चाहेका थिए सो हामी पनि सुनौं।

करिब दुई हजार वर्ष अघि लेखेको पुस्तक भएतापनि बर्तमान सेरोफेरोमा पनि परमेश्वरका जनहरूको निम्ति यस पुस्तकमा लेखिएका वचनहरू समय सापेक्षित छन्। यस पुस्तकको मर्म केवल त्यस समयका परमेश्वरका जनहरूको निम्तिमात्र नभएर प्रत्येक भूमिमा र प्रत्येक परिस्थितिमा रहेका परमेश्वरका जनहरूलाई लागु हुन्छ। त्यस पुस्तकको बिषयबस्तु *मानिसले कसरी मुक्ति पाउँछ* भन्ने विषयबस्तु विश्वव्यापी रूपमा जल्दोबल्दो छ। हो, पावलले विशेष समूहका मानिसहरूलाई सम्बोधन गरिरहेका थिए। जब उनले त्यो पत्र लेखे त्यसबेला विशेष विषयबस्तु उनको दिमागमा

खेलिरहेको थियो। हामीलाई थाहा छ कि सयौं वर्षपछि र एकदम फरक समय र सन्दर्भमा पावलले लेखेका पुस्तक मार्टिन लुथरको निम्ति दिमागलाई नै उल्टयाउने अत्यन्त महत्त्वपूर्ण पुस्तक हुन गएको थियो। वर्तमान युगमा आजको सन्दर्भमा पनि येशूभक्तको जीवनमा त्यो नभइनहुने अत्यन्त महत्त्वपूर्ण पुस्तक हो भनेर ठान्नु जरूरी छ। त्यसकारण भक्तिभाव र प्रार्थनापूर्वक यो पुस्तक अध्ययन गरौं। यस रोमीको पुस्तकमा गुञ्जाइरहेको पावलको वचनलाई हाम्रो जीवनमा कसरी लागु गर्ने भनेर परमेश्वरसँग बरदान मागौं।

## १ प्रेरित पावलको पत्र

रोमी १६:१,२ अनुसार पावलले रोमी साम्राज्यको किनक्रिया भन्ने शहरमा यो पुस्तक लेखेको हुन सक्छ। यो ठाउँ ग्रीसको कोरन्थी सहरको नजिक पर्छ। यो सहर पूर्वीय वन्दरगाहमा थियो। कोरन्थी महानगरको बासिन्दा फीबको बारेमा पनि पावलले उल्लेख गरेकाले रोमीहरूको पत्रको पृष्ठभूमिमा केहि हदसम्म कोरन्थी पर्छ भन्न सकिन्छ।

नयाँ करारमा लेखिएका पत्रहरूको सङ्गालोको प्रत्येक पत्र कहाँ लेखेको थियो भनेर थाहा पाउँदा कुन समयमा लेखिएको रहेछ भनेर पनि थाहा पाउन सकिन्छ। सुसमाचार सुनाउने क्रममा पावलले धेरै यात्रा गरेका थिए। कुन समयमा उनी कहाँ थिए भनेर उनले स्थानसमेत तोकेर लेख्दा कुन मितिमा उनले ती पत्रहरू लेखेका थिए भनेर हामी अनुमान गर्न सक्छौं।

सन् ४९-५२मा आफ्नो दोश्रो मिशिनरी अर्थात् सुसमाचार प्रचारप्रसारको यात्रामा पावलले कोरन्थीमा चर्च स्थापना गरेका थिए (प्रेरित १८:१-१८ पढ्नुहोस्)। सन् ५३-५८मा आफ्नो तेश्रो यात्रामा पावल फेरि ग्रीसमा गएका थिए (प्रेरित २०:२,३)। उनको अन्तिम यात्रामा त्यस स्थानका चर्चहरूबाट येरुशलेमका विश्वासीहरूको निम्ति सङ्कलन गरेको भेटी पावललाई दिइएको थियो (रोमी १५:२५,२६)। यसको अर्थ पावलले रोमीहरूको पत्र सन् ५८को सुरूको महिनाहरूमा लेखेका थिए भनेर अनुमान गर्न सकिन्छ।

**पावलले आफ्नो तेश्रो मिशिनरी यात्रामा अरू महत्वपूर्ण चर्चहरूमा गएका थिए। हेर्नुहोस्, प्रेरित १८:२३मा उल्लेख गरेका ती चर्चहरू: " तिनले त्यहाँ केही दिन बिताएर त्यहाँबाट निस्की गलातिया र फ्रिगियाका इलाकाहरू भएर सबै चेलाहरूलाई हौसला दिंदै भिन्न-भिन्न स्थानमा गए।"**

त्यस यात्राको दौरानमा पावल गलातीका चर्चहरूमा गएका थिए । उनी ती चर्चहरूमा नभएको बेलामा झुटा तथा इसाई भनाउँदा धर्मगुरूहरू

आएर ती चर्चका सदस्यहरूलाई मुक्ति पाउन खतना गर्नु नै पर्छ र मोशाले सिकाएका व्यवस्थाको रितिथितिलाई पालन गर्नुपर्छ भनेर सिकाएका थिए। पावल रोममा जानुभन्दा पहिले उनका बिरोधीहरू पहिले नै रोम पुगेर विश्वासीहरूलाई गलातीका विश्वासीहरूलाई जस्तै अन्यौलमा नपारोस भनेर रोमका विश्वासीहरूलाई पत्र लेखेका थिए।। पावल कोरन्थीमा हुँदा गलातीको पुस्तक पनि लेखेका थिए भनेर विश्वास गरिन्छ। तेश्रो मिशिनरी यात्रामा उनी तीन महिनासम्म त्यस सहरमा थिए। पावल कोरन्थीमा गएको छोटो समयमा नै गलातीहरूका विश्वासीहरूलाई पत्र लेखेको हुनुपर्छ।

"सुसमाचारका महान् नीति तथा आधारभूत सिद्धान्तहरू रोमीको पत्रमा पावलले प्रस्तुत गरेका छन्। त्यस समयमा यहूदी र गैर-यहूदी वा अन्य जातिका चर्चहरूको बीचमा भइरहेको मतभेदमा आफ्नो अडान कस्तो थियो भनेर पावलले स्पष्ट पारेका थिए। परमेश्वरबाट पाएका आशा र प्रतिज्ञाहरू एक समयमा यहूदीहरूलाईमात्र दिइएका थिए भनेर उनले स्वीकार गरेका थिए, तर अहिले, ती यहूदीहरूले पाएका परमेश्वरका विशेष आशा र प्रतिज्ञाहरू सारा संसारका गैर-यहूदी वा अन्य जातिहरूलाई पनि उपलब्ध गराइएको छ भनेर पावलले जिकिर गरेका थिए।"-एलेन जी ह्वाइट, *द आक्टस् अभ आपोस्टलस्,* पृ. ३७३बाट रूपान्तरित।

जब हामी बाइबलका कुनै पनि किताब पढ्छौं तब त्यो किन लेखिएको थियो भनेर थाहा पाउनु जरुरी छ। फेरि कुन परिस्थितिलाई औंल्याएर त्यो पुस्तक लेखिएको रहेछ भनेर पनि थाहा पाउनुपर्दछ। त्यसकारण इसाई यहुदी र इसाई गैर-यहुदीको चर्चहरूमा के कुराहरूमा वादविवाद भइरहेका थिए भनेर बुझ्न रोमीको पत्र पढ्नु आवश्यक छ। अर्को अध्यायमा ती वादविवादको बारेमा अध्ययन गर्नेछौं।

**आजको सन्दर्भमा के विषयवस्तुहरूलाई लिएर तपाईंको चर्चमा बादविवाद भइरहेको छ? ती मतभेदले चर्चलाई कसरी विभाजित गरिरहेको छ? चर्चलाई टुक्राएर विश्वासीहरूलाई अन्यौलतामा घचेट्ने तत्वहरू के भित्रैबाट आएका छन् कि बाहिरबाट? त्यस विवादमा तपाईंको के भूमिका छ? चर्चलाई फुटाउने तत्वहरूलाई रोक्न तपाईंको पद, प्रतिष्ठा र मनस्थितिले कस्तो भूमिका खेलिरहेका छन्? आफ्नो आत्मआलोचना गर्नु हाम्रो निम्ति किन आवश्यक छ?**

## २. रोममा जाने पावलको चाहना

जब हामी व्यक्तिगत रूपमा कसैसँग सम्पर्क राखीरहन्छौं तब त्यो अत्यन्त असल कुरो हो। फोनबाट, इमेलबाट, एसएमएसबाट, फेसबुकबाट र स्काइपबाट मानिसहरूसँग हामीहरूको सम्पर्क जारी राख्न सक्छौं तर व्यक्तिगत रूपमा मुखामुख बोलीचाली गर्नु अझ झन असल कुरा हो। आफ्नो पत्रमा पावलले केवल पत्रमात्र पठाएर चित्त बुझाउन खोजेको देखिँदैन। व्यक्तिगत रूपमै रोममा गएर विश्वासीहरूलाई भेट्ने इच्छा उनले आफ्नो पत्रमा व्यक्त गरेको हामी पाउँछौं। आफू रोममा आउने र किन आउने भनेर रोमका विश्वासीहरूले थाहा पाउन् भनी पावलले व्यक्त गरेका थिए।

**तर उनी तुरन्तै उनीहरूलाई भेट्न रोममा जान सकेका थिएनन्। त्यसको कारण के थियो? जब उनी रोममा जाने भए तब कुन कारणले त्यहाँ जान निर्णय गरे? आफू हिँडिरहेको लक्ष्य उनको निम्ति किन महत्वपूर्ण थियो? पावलले व्यक्त गरेका वचनहरूद्वारा हामीले के सिक्न सक्छौं जसले गर्दा हाम्रो जीवनको लक्ष्य पनि निर्धारित होस् र येशूका सक्षम् साक्षी बन्न सकौं? यहुदी र गैर-यहुदीहरूको बारेमा महत्वपूर्ण र चासोको विषय पद २७मा पावलले उल्लेख गरेकाछन्, त्यो के हो? पढ्नुहोस्: रोमी १५:१३-२९ "१३ आशाका परमेश्वरले तिमीहरूलाई विश्वासद्वारा सम्पूर्ण आनन्द र शान्तिले भरिपूर्ण गरिदेऊन्, यस हेतुले कि पवित्र आत्माको शक्तिले तिमीहरू आशामा प्रशस्त हुन सक। १४ भाइ हो, मलाई निश्चय छ, कि तिमीहरू आफै पनि भलाइले भरिएका छौ, र सारा ज्ञानमा पूर्ण भई एक-अर्कालाई शिक्षा दिन समर्थ छौ। १५ तर परमेश्वरले मलाई दिनुभएको अनुग्रहको कारणले तिमीहरूलाई फेरि सम्झना गराउन मैले बड़ो साहस गरी कतिपय विषयमा लेखेको छु, १६ यो अनुग्रह अन्यजातिहरूका निम्ति परमेश्वरका सुसमाचारको पूजाहारीले गर्नुपर्ने कर्तव्य पालन गर्नलाई मलाई दिइएको हो, ताकि अन्यजातिहरू पवित्र आत्माद्वारा शुद्ध भएर ग्रहणयोग्य बलि बन्न सकून्। १७ यसकारण परमेश्वरको निम्ति मेरो सेवामा मलाई ख्रीष्ट येशूमा गर्व गर्ने कारण छ। १८ किनभने, वचन र कामले अन्यजातिहरूलाई आज्ञाकारी बनाउनलाई ख्रीष्टले मद्वारा जे गर्नुभएको छ, तीबाहेक कुनै विषयमा बोल्ने आँट म गर्दिनँ। १९ यो काम चिन्हहरू र आश्चर्यकर्महरूको शक्तिले र पवित्र आत्माको शक्तिद्वारा मैले गरेको छु। यसरी मैले यरूशलेमदेखि लिएर इल्लुरिकनसम्मै चारैतिर ख्रीष्टको सुसमाचार सम्पूर्ण रूपले प्रचार गरेको छु। २० अरू मानिसले बसालेको जगमाथि घर नबनाऊँ भनेर ख्रीष्टको नाउँ नलिएको ठाउँमा सुसमाचार प्रचार गर्ने उत्कट इच्छा मैले**

**राखेको छु, २१ जस्तै यसो लेखिएको छ, "उहाँको विषयमा जसलाई कहिल्यै भनिएको छैन, तिनीहरूले उहाँलाई देख्नेछन्, र उहाँको विषयमा जसले कहिल्यै सुनेका छैनन् तिनीहरूले बुझ्नेछन्।" २२ यसैकारण नै हो, म तिमीहरूकहाँ आउनलाई धेरै पल्ट रोकिएको छु। २३ तर अब यी क्षेत्रहरूमा मेरो निम्ति काम गर्ने अरू ठाउँ नभएका हुनाले, र धेरै वर्षदेखि तिमीहरूकहाँ आउने तृष्णा रहेकोले, २४ म स्पेन जाँदा तिमीहरूलाई भेट्ने आशा राख्दछु, र तिमीहरूसँग केही समयसम्म सङ्गतिको आनन्द लिएपछि तिमीहरूले मलाई मेरो बाँकी यात्रामा मदत दिनेछौ भन्ने आशा राख्तछु। २५ तर अब सन्तहरूलाई सहायता पुऱ्याउन म यरूशलेमतिर जाँदैछु। २६ किनकि यरूशलेममा हुने सन्तहरूमा जो गरीब छन्, तिनीहरूका निम्ति माकेडोनिया र अखैयाका मण्डलीहरूले केही भेटी दिएका छन्। २७ यो भेटी यिनीहरूले खुशीसाथ जम्मा गरेका थिए, र साँच्चै नै यिनीहरू तिनीहरूका ऋणी पनि छन्। किनकि यदि अन्यजातिहरू तिनीहरूका आत्मिक आशिष्हरूमा सहभागी भएका छन् भने, यिनीहरूले पनि सांसारिक आशिष्हरूद्वारा तिनीहरूको सेवा गर्नुपर्छ। २८ यसकारण यो काम सिद्धयाएर तिनीहरूका निम्ति उठेको यो चन्दा सुम्पिसकेपछि म तिमीहरूकहाँ भएर स्पेन जानेछु। २९ र म जान्दछु, म तिमीहरूकहाँ आउँदा ख्रीष्टका आशिष्को परिपूर्णतामा आउनेछु।"**

पावल, गैर-यहुदी अर्थात् इस्रायली जातभन्दा बाहिर जात तथा राष्ट्रका मानिसहरूलाई सुसमाचार सुनाउने महान् प्रभावकारी प्रचारक थिए। येशूको बारेमा ज्ञान केवल इस्रायलदेशभित्रका मानिसहरूमामात्र सिमित राख्नु हुन्न भन्ने उनको अभियान थियो। संसारमा विभिन्न जात जाति र रंगभएका मानिसहरूले पनि सुसमाचार थाहा पाउनुपर्छ भन्ने उनको इच्छा थियो। त्यसकारण नयाँ नयाँ ठाउँहरूमा सुसमाचार फैलाउनु आवश्यक छ भन्ने पावलको भावना थियो। जहाँ जहाँ सुसमाचार प्रचार गरिने थलो स्थापना भयो त्यहाँ त्यहाँ सुसमाचार सुनाउने मानिसहरूलाई पावलले खटाएका थिए। सुसमाचार प्रचार गर्ने सुरूका दिनहरूमा सुसमाचार प्रचार गर्ने कर्मचारीहरूको एकदम कमी थियो। जहाँ जहाँ सुसमाचार प्रचार भयो त्यहाँ त्यहाँ बसिरहनु उनको निम्ति मुल्यवान प्रचारगर्ने शक्ति र समयलाई खेर फाल्नु हो भनेर पावलले ठानेका थिए। विश्वासीहरूको समूह बनाउँदै, त्यस समूह चलाउने अभिभारा अरूलाई सुम्पिन्दै उनी हिँडेका थिए। पावलले भनेका थिए, “येशूको बारेमा ज्ञान नभएकाहरूलाई सुसमाचार सुनाउनु म सधैं कसरत गर्छु। अरूले सुरू गरेको चर्चमा गएर म हस्तक्षेप गर्न चाहन्न। जसले सुमाचार सुनेको छैन तिनीहरूले सुनेर बुझोस् भन्ने म चाहना गर्दछु।" (रोमी १५:२०,२१)।

पावलले कहिल्यै पनि युरोप महादेशको रोममै आफ्नो स्थायी बसोबास गर्ने चाहना गरेका थिएनन्। युरोपको स्पेनमा पनि प्रचार गर्ने उनको लक्ष्य थियो। स्पेनमा प्रचार गर्न रोमका विश्वासीहरूले सहायता गरून् भन्ने उनको चाहना थियो।

**स्थापित चर्चबाट सहायता पाएर नयाँ क्षेत्रमा प्रचार अर्थात् मिशिनेरी काम गर्ने पावलको महत्वपूर्ण नीतिबाट हामीले के सिक्नसक्दछौं?**

**रोमी १५:२०-२७ फेरि पढ्नुहोस्। अरूलाई सेवा गर्न र अरूको आवश्यकताको परिपूर्ति गर्न पावल कत्तिको उत्सुक थिए? तपाईं येशूभक्त भनेर दावी गर्नुहुन्छ भने पावलको इच्छा तपाईंमा कत्तिको जागेको छ? अरूलाई सेवा गर्न तपाईंको हृदय कुन गतिमा गइरहेको छ?**

## ३. पावल रोममा पुग्छन्

"१ समुद्र-यात्राद्वारा हामी इटालिया जानुपर्छ भन्ने निर्णय भएपछि, तिनीहरूले पावल र अरू कतिपय कैदीहरूलाई सम्राट् अगस्टसका फौजको युलियस नामक कप्तानको जिम्मा लाइदिए। २ एड्रामिटेनोसबाट एशियाका विभिन्न बन्दरगाहहरू हुँदै जाने एउटा जहाजमा चढ़ेर हामीले यात्रा सुरु गऱ्यौं। अरिस्तार्खस नाउँ भएका थेसलोनिकेका एक जना माकेडोनी हाम्रा साथमा थिए। ३ भोलिपल्ट हामीले सीदोनमा लङ्गर हाल्यौं। युलियसले पावललाई दया देखाई तिनका साथीहरूकहाँ गएर चाहिँदो सहायता लिने अनुमति दिए। ४ त्यहाँबाट जहाज फेरि समुद्रतिर लाग्यो, र बतास चलेको हुनाले हामी साइप्रसको आड़ लिएर गयौं। ५ किलिकिया र पामफिलिया पारिपट्टिको समुद्रमा पुगेपछि, हामी लुकियाको एउटा सहर माइरामा आइपुग्यौं। ६ त्यहाँ इटालिया जाने अलेक्जेन्ड्रियाको एउटा जहाज भेट्टाएर कप्तानले हामीलाई त्यसमा चढ़ाइदिए। ७ धेरै दिनसम्म बिस्तारबिस्तार गएर कठिनतासाथ क्नीडसमा आइपुग्यौं र बतासले अझ अगि बढ्न नदिएको हुनाले क्रेटको आड़ लिएर हामी सालमोनेको छेउ-छेउ भएर गयौं। ८ कठिनसँग त्यसको किनार-किनार लागेर हामी सुन्दर बन्दरगाह भनिने ठाउँमा आयौं। त्यहाँबाट लासिया सहर नजिकै थियो। ९ समय धेरै बितिसकेको थियो र समुद्र-यात्रा पनि खतरनाक भएको थियो, साथै प्रायश्चित-दिवसका उपवासको समय पनि बितिसकेको हुनाले, पावलले तिनीहरूलाई १० यसो भन्दै सम्झाए, "मित्र हो, यो समुद्र-यात्राले केवल जहाज र मालसामानको मात्र होइन, तर हाम्रो जीउ-ज्यानको समेत खतरा र नोक्सानी होला भन्ने म देख्तछु।" ११ तर

कप्तानले पावलको कुराभन्दा जहाजको चालक र जहाजका मालिकलाई बेसी पत्यार गरे। १२ यो बन्दरगाह हिउँद काट्नलाई असुबिधा भएकोले कुनै हालतले पनि फोनिक्समा नै पुगी जाडो बिताउनुपर्छ भनेर धेरैजसोले त्यहाँबाट जहाज चलाइहाल्ने नै सल्लाह दिए। फोनिक्सचाहिँ क्रेटको एउटा बन्दरगाह हो, जो दक्षिण-पश्चिम र उत्तर-पश्चिमपट्टि फर्केको छ। १३ जब दक्षिणी बतास मन्द गतिले चल्न थाल्यो, तिनीहरूको उद्देश्य सिद्ध भयो भन्ने ठानेर, लङ्गर निकाली तिनीहरू क्रेटको किनार-किनार हुँदै यात्रा गर्न लागे। १४ तर थोरै समयपछि त्यस टापूबाट प्रचण्ड आँधीको वेगमा उत्तर-पूर्वी कहलाइने तूफान चल्यो। १५ जब जहाज आँधीको चपेटामा पऱ्यो, त्यसले तूफानको सामना गर्न सकेन, र हामीले त्यसलाई जता जान्छ जाओस् भनेर छोडिदियौं। १६ क्लौडा भन्ने एउटा सानो टापूको आड़मा पुगेपछि हामीले मुश्किलले जहाजको डुङ्गालाई जोगाउन सक्यौं। १७ त्यसलाई माथि उठाएपछि तिनीहरूले केही उपायले जहाजलाई मुन्तिरबाट बाँध्दै ल्याए, र सिरटिस भन्ने बलौटे धापमा फसिन्छ भन्ने डरले तिनीहरूले पाल झारिदिए, र जहाज आफै बहन थाल्यो। १८ अब आँधीले हामीहरूलाई ज्यादै उचाल्न र पछार्न थाल्यो, र भोलिपल्ट तिनीहरूले जहाजका मालसामान फ्याँक्न थाले। १९ अनि तेस्रो दिन तिनीहरूले आफ्नै हातले जहाजका लठारा मिल्काइदिए। २० धेरै दिनसम्म घाम, तारा केही देख्न पाइएन। तूफान लगातार चलिरहेकोले अन्त्यमा बाँच्ने आशासमेत हामीले त्यागिदियौं। २१ धेरै दिनसम्म तिनीहरू नखाई बसेका थिए। तब पावलले तिनीहरूकहाँ आएर भने, "मित्र हो, तपाईंहरूले मेरो सल्लाह मानेर क्रेटबाट जहाज नचलाउनुपर्ने थियो, र यस्तो सङ्कष्ट र हानि तपाईंहरूले खप्नुपर्ने थिएन। २२ अब म भन्दछु, साहस गर्नुहोस्। तपाईंहरूमध्ये कसैको ज्यान जानेछैन, तर जहाजचाहिँ नष्ट हुनेछ। २३ किनभने जुन परमेश्वरको म हुँ, र जसको आराधना म गर्दछु, उहाँका एक दूत आज राती मेरो छेउमा खड़ा भए। २४ उनले मलाई भने, "पावल, नडराऊ, तिमी कैसरको सामु अवश्य खड़ा हुनुपर्छ, र हेर, तिमीसँग जहाजमा चढ्ने जति सबैका प्राण परमेश्वरले तिम्रो हातमा दिनुभएको छ।" २५ यसकारण मित्र हो, साहस गर्नुहोस्। म परमेश्वरमा विश्वास गर्छु, मलाई जस्तो बताइएको छ, ठीक त्यस्तै हुनेछ। २६ तर हामीचाहिँ कुनै एउटा टापूमा बजारिनुपर्नेछ।" २७ तर जब चौधौं रात भएथ्यो, र एड्रियास समुद्रमा हामी हुत्तिरहेका थियौं, तब आधाराततिर नावीहरूले हामी कुनै जमिनको नजिक पुगिरहेका छौं भन्ने अनुमान गरे, २८ र गहिराइ नापेर हेर्दा तिनीहरूले सैंतीस मिटर पत्ता लगाए, र अलि पर गएर फेरि गहिराइ

नाप्दा तिनीहरूले छब्बीस मिटर पत्ता लगाए। २९ अनि कुनै चट्टानमाथि ठक्कर खान पुग्छौं कि भन्ने डरले, तिनीहरूले जहाजको पछाडितिरबाट चार वटा लङ्गर खसाले, र बिहान होस् भनी प्रार्थना गर्न लागे। ३० जब नावीहरू जहाजबाट भाग्न खोजिरहेका थिए, र अगिल्तिर लङ्गर खसाल्ने बहानाले डुङ्गा समुद्रमा झारिसकेका थिए, ३१ तब पावलले कप्तान र सिपाहीहरूलाई भने, "यी मानिसहरू जहाजमा बसेनन् भने तपाईंहरू बाँच्न सक्नुहुनेछैन।" ३२ तब सिपाहीहरूले डुङ्गाका डोरीहरू काटिदिए, र डुङ्गालाई जान दिए। ३३ मिरमिरे उज्यालो हुन लागेको थियो, पावलले तिनीहरू सबैलाई भोजन गर्ने आग्रह गरे। तिनले भने, "आज चौध दिन भइसक्यो, तपाईंहरू अलमल्लमा परेर भोकभोकै केही नखाई बस्नुभएको छ। ३४ यसकारण केही खानुहोस् भनी म तपाईंहरूलाई आग्रह गर्दछु। केही खानुभयो भने तपाईंहरूले बल पाउनुहुनेछ, तपाईंहरू कसैका शिरको एउटा केश पनि नष्ट हुनेछैन।" ३५ यी कुरा भनेपछि तिनले रोटी लिए, र सबैका सामुन्ने परमेश्वरलाई धन्यवाद चढ़ाएर सो भाँचेर खान लागे। ३६ तब तिनीहरूले पनि हौसला पाएर केही खानेकुरो खाए। ३७ (जहाजमा हुने हामी जम्मा दुई सय छयहत्तर जना थियौं।) ३८ तिनीहरूले अघाउञ्जेल खाएपछि, जहाज हलुङ्गो तुल्याउन समुद्रमा गहूँ फालिदिए।

३९ उज्यालो भएपछि पनि तिनीहरूले त्यो ठाउँ चिन्न सकेनन्, तर तिनीहरूले एक खाडी देखे। यसको बलौटे किनार थियो। सम्भव भए जहाजलाई त्यहीं किनार लाउने योजना तिनीहरूले गरे। ४० तिनीहरूले लङ्गरहरू झारिदिए, र समुद्रमा नै ती रहन दिए। त्यसै बेला पतवारहरूलाई बाँधिराखेका डोरीहरू फुकाइदिए। अगिल्तिरका पाल उठाएर बतासतिर फर्काइदिए र जहाजलाई किनारातर्फ बढ़ाए। ४१ तर पानीमुनिको लुकेको बालुवाको रासमा जहाज ठोकिएर त्यहीं भासियो, जहाजको अगिल्लो भाग अड्कियो र चल्नै सकेन, अनि पछिल्लो भागचाहिं छालहरूका झोक्काले टुक्रिन थाल्यो। ४२ कैदीहरू पौड़ेर भाग्लान् कि भन्ठानेर सिपाहीहरूले तिनीहरूलाई मार्ने मतो गरे। ४३ तर कप्तानले पावललाई जोगाउने मन गरी तिनीहरूलाई त्यसो गर्नदेखि रोके। पौड्न सक्ने जति जहाजबाट पहिले हामफालेर पाखामा उत्रनू भन्ने हुकुम तिनले दिए, ४४ र बाँकी रहेकाहरूचाहिं फल्याकहरूमा र जहाजका टुक्राहरूमा पारि जानू भने। यसरी सबै सकुशल किनारमा पुगे। (प्रेरित २७) **"१ हामी सकुशल किनार लागेपछि त्यस टापूको नाउँ माल्टा रहेछ भन्ने हामीलाई थाहा लाग्यो। २ त्यहाँका बासिन्दाहरूले हामीलाई अपूर्व**

दया देखाए। पानी परेर जाडो भएको कारणले तिनीहरूले आगो बालिदिए, र हामी सबैलाई स्वागत गरे। ३ पावलले एक बिटा दाउरा जम्मा गरेका थिए र सो ल्याएर आगोमा हाले। आगोको तापले एउटा सर्प निस्केर आयो, र तिनको हातमा बेह्रियो। ४ त्यहाँका बासिन्दाहरूले तिनको हातमा सर्प बेह्रिएको देखेर आपसमा भन्न लागे, "यो मानिस पक्का पनि ज्यानमारा नै हुनुपर्छ। यो समुद्रबाट बाँचेर त निस्क्यो तर इन्साफबाट यो उम्कन सकेन।" ५ तर पावलले चाहिँ त्यस सर्पलाई आगोमा झट्कारिदिए, र तिनको केही बिगार हुन पाएन। ६ तर तिनको शरीर सुनिनेछ, अथवा तिनी एक्कासि ढलेर मर्नेछन् भनी तिनीहरूले प्रतीक्षा गर्न लागे। तर धेरै बेरसम्म प्रतीक्षा गरिरहँदा पनि तिनको केही बिगार नभएको देखेर तिनीहरूले आफ्नो विचार बद्लेर भन्न लागे, "यिनी त देवता पो रहेछन्।" ७ त्यस टापूका पब्लियस नाउँ भएका मुखियाको जग्गाजमिन त्यस ठाउँको छेउछाउमा थियो। उनले हामीलाई स्वागत गरे, र तीन दिनसम्म उनको घरमा हाम्रो अतिथिसेवा गरे। ८ पब्लियसका बुबा जरो र आउँको रोगले बिरामी थिए। पावल तिनलाई हेर्न गए, र तिनको लागि प्रार्थना गरे, र आफ्नो हात तिनीमाथि राखी तिनलाई निको पारे। ९ यो घटना भएपछि, त्यस टापूका अरू रोगी मानिसहरू पनि आए, र निको पारिए। १० तिनीहरूले धेरै प्रकारले हाम्रो आदर गरे। जब हामी जहाजमा चढ्यौं, तिनीहरूले हामीलाई चाहिए जति सामानहरू जहाजमा हालिदिए।

११ तीन महिनापछि, हामी अलेक्जेन्ड्रियाको जहाजमा चढ्यौं। यो जहाज हिउँदमा यसै टापूमा थियो। जहाजको अगिल्लो भागमा जुम्ल्याहा देवको प्रतिमा कपेको थियो १२ सुराकुसाईमा पुगेर हामी त्यहाँ तीन दिन बस्यौं। १३ त्यहाँबाट हामी किनार-किनारै रेगियनमा आइपुग्यौं। एक दिनपछि दक्षिणी बतास चल्यो, र भोलिपल्ट हामी पटिओलीमा आइपुग्यौं। १४ त्यहाँ हामीले भाइहरूलाई भेट्यौं, र उनीहरूले हामीलाई सात दिनसम्म उनीहरूका साथमा रहनलाई बिन्ती गरे। यसरी हामी रोममा आइपुग्यौं। १५ त्यहाँबाट हाम्रो आगमनको खबर सुनेर भाइहरू हामीलाई भेट्न अप्पियसको बजार र तीन-पाटी भन्ने ठाउँमा आएका थिए। यिनीहरूलाई देखेर पावलले परमेश्वरमा धन्यवाद चढाए, र साहस पाए।" (न्यु किङ्ग जेम्स भर्जनबाट रूपान्तरित)।

आखिरमा पावल रोममा कसरी पुगे भनेर प्रेरित २८:१-१६मा हामीलाई बताइएको छ। येशूभक्तको जीवनमा पनि अपेक्षा नगरेका र नचाहेको कुरा हुने रहेछ भनेर उपरोक्त विवरणबाट हामी कसरी सिक्छौं?

हाम्रो जीवनले अचानक र अनौठो मोड लिन सक्छ। धेरै पल्ट हामीले अपेक्षा वा आशा गरेको योजना जत्तिसुकै असल भएपनि त्यो पूरा भएको पाउँदैनौं। अनेकौं हन्डर खाएर तथा जोखिममा परेर पावल अन्ततः रोममा पुग्छन् तर कैदि भएर।

आफ्नो हातमा विश्वासीहरूको निम्ति चन्दा लिएर पावल येरूशलेममा पुग्छन्। यो उनको तेश्रो मिशिनरी यात्रा थियो। येरूशलेममा धेरै गरिब विश्वासीहरू थिए। तिनीहरूको निम्ति युरोप र यशियाका अरू देशहरूका चर्चहरूबाट उनले भेटी सङ्कलन गरेका थिए। जब उनले ससम्मान रूपमा येरूशलेममा पुग्न अपेक्षा गरेका थिए, तब उनले अपेक्षा नगरेको घट्नाको सामना गर्नुपर्‍यो। त्यहाँ पुग्ने बित्तिक्कै उनलाई समातियो र हथकडी लगाइयो। अनि उनलाई सिजरियामा दुई वर्षसम्म थुनामा राखियो। आफूप्रति अन्याय भएकोले र आफू रोमी नागरिक भएको हैसियतले आफ्नो अधिकारलाई उपभोग गरि उनले सिजर सम्राटकहाँ न्याय पाउन उजुरी दिए। त्यो उजुरी दिएको तिन वर्ष पछि समुद्रको अनेकौं जोखिम यात्रा गरि उनी रोममा पुगे। जब उनले धेरै वर्षपछि आफू रोममा आउने इच्छा गरेर पहिले पत्र लेखेका थिए, तब त्यस्तो दुखःपूर्ण तवरले त्यहाँ पुगिन्छ भनेर सायद उनले सोचेका पनि थिएनन्।

**रोममा आफ्नो समय पावलले कसरी बिताए भनेर प्रेरित २८:१७-३१मा उल्लेख गरिएको छ? ती पदहरूबाट हामीले के महत्वपूर्ण ज्ञान लिनुसक्दछौं? हेर्नुहोस्ः "१७ तीन दिनपछि पावलले यहूदीहरूका स्थानीय अगुवाहरूलाई बोलाइपठाए। उनीहरू जम्मा भएपछि तिनले उनीहरूलाई भने, "भाइ हो, मैले त आफ्नो देशका मानिसहरू, अथवा पिता-पुर्खाका रीतिथितिका विरुद्धमा केही काम गरेको थिइनँ। तापनि बन्दी भई यरूशलेमदेखि रोमीहरूका हातमा मलाई सुम्पेको छ। १८ उनीहरूले छानबिन गरेपछि ममा मृत्युदण्डको कुनै कारण नभेट्टाउँदा मलाई छोडिदिने मन गरेका थिए। १९ तर यहूदीहरूले विरोध गरेका हुनाले कैसरकहाँ अपिल गर्न मलाई करै लाग्यो।" मेरो जातिको विरुद्धमा कुनै अभियोग ल्याउने कुरा थिएन। २० यसैकारणले मैले तपाईंहरूसँग भेटेर बातचित गर्न तपाईंहरूलाई बोलाएको हुँ। किनभने इस्राएलको आशा जो हो त्यसको निम्ति यस साङ्लामा म बाँधिएको छु।" २१ उनीहरूले तिनलाई भने, "हामीले त तपाईंको विषयमा यहूदियाबाट केही चिट्ठी पाएका छैनौं। कोही भाइहरूले आएर तपाईंको विरुद्धमा कुनै नराम्रो कुरा पनि सुनाएका वा बोलेका छैनन्। २२ तर तपाईंको विचार के हो, सो तपाईंबाट सुन्न चाहन्छौं। किनकि**

यस दलको विषयमा हामीलाई यति मात्र थाहा छ, कि जताततै मानिसहरू यसको विरुद्धमा मात्रै बोल्दछन्।" २३ तब उनीहरूले तिनको निम्ति एउटा दिन तोकिदिए, र धेरै संख्यामा मानिसहरू तिनको डेरामा आए। तिनले उनीहरूलाई बिहानदेखि साँझसम्मै व्याख्यान दिए, र मोशाको व्यवस्था र अगमवक्ताहरूका पुस्तकबाट परमेश्वरका राज्यको गवाही दिए, अनि येशूको विषयमा उनीहरूलाई विश्वास दिलाउने चेष्टा गरे। २४ तिनले भनेका कुरा कतिले विश्वास गरे, कतिले गरेनन्। २५ उनीहरू आपसमा असहमत भए, र बिदा हुन लाग्दा पावलले यो अन्तिम वक्तव्य दिए, "तिमीहरूका पिता-पुर्खालाई यशैया अगमवक्ताद्वारा पवित्र आत्माले भन्नुभएको वचन ठीकै थियो, २६ "यी मानिसहरूकहाँ गएर भन्, "सुन्न त तिमीहरू सुन्छौ, तर कहिल्यै बुझ्दैनौ, हेर्न त हेर्छौ, तर कहिल्यै देख्दैनौ। २७ किनभने यी मानिसहरूको हृदय बोधो भएको छ, र तिनीहरूका कान बहिरा भएका छन्, र तिनीहरूले आफ्ना आँखा बन्द गरेका छन्, नत्रता तिनीहरूले आँखाले देख्नेथिए, कानले सुन्नेथिए, हृदयले बुझ्नेथिए, र फर्कनेथिए, र म तिनीहरूलाई निको पार्नेथिएँ।" २८ "यसकारण तिमीहरूलाई थाहा होस्, कि परमेश्वरको यो मुक्ति अन्यजातिहरूका निम्ति पठाइएको छ, र तिनीहरूले सुन्नेछन्।" २९ अनि तिनले यी वचन भनेपछि, यहूदीहरू आपसमा धेरै वाद-विवाद गर्दै बिदा भए।] ३० पावल पूरा दुई वर्षसम्म आफ्नै खर्चमा रोममा बसे, र तिनीकहाँ आउनेहरू सबैलाई तिनले स्वागत गरे। ३१ तिनले खुल्लमखुल्ला र विनारोकटोक परमेश्वरका राज्यको प्रचार गर्थे, र प्रभु येशू ख्रीष्टको बारेमा शिक्षा दिन्थे।"

"पावलको प्रवचन होइन तर उनलाई बाँधेका साङ्लाहरूले गर्दा सम्राट सिजरका दरवारियाहरूले इसाई शिक्षामा चासो देखाएका थिए। बन्दी बनाएकै अवस्थामा धेरै मानिसहरूलाई पापको दासबाट उनले स्वतन्त्र गराएका थिए। र अझ यो मात्र होइन। पावलले भन्छन्, "मलाई साङ्लाले बाँधेर थुनिएकै कारण परमेश्वरमा रहेका धेरै विश्वासीहरू अझ सूरो भएका छन्। अब तिनीहरूले निडर र साहसकासाथ परमेश्वरका वचनहरू बोल्दछन्।' फिलिपीहरूलाई १:१४ (रूपान्तरित)। एलेन जी ह्वाइट, *द आक्टस् अभ आपोस्टल्स*, पृ. ४६४बाट रूपान्तरित।

तपाईंले आफ्नो जीवनमा कतिपटक अप्रिय तथा अपेक्षा नगरेका घट्नाहरू खप्नु भएको छ, जुन पछि तपाईंको हितको निम्ति सावित भएका थिए? (फिलिपी १:१२-१४ पढ्नुहोस् "१२ भाइ हो, तिमीहरूलाई यो थाहा होस् भन्ने म चाहन्छु, कि ममाथि आइलागेका कुराहरूले वास्तवमा सुसमाचारलाई

**अगि बढ़ाउने काम भएको छ, १३ यहाँसम्म कि महलका सारा गारद र सबै बाँकीकहाँ पनि मेरो कैद ख्रीष्टको निम्ति भएको हो भन्ने जाहेर भएको छ। १४ धेरैजसो भाइहरू मेरो कैदले गर्दा प्रभुमा साहसी भएका छन्, र परमेश्वरको वचन विनाडर बोल्नलाई झन् आँटिला भएका छन्।**

**फिलिप्पी १:१२-१४)। परमेश्वरमाथिको आस्था र विश्वासलाई अटल राख्न ती तिता र परेको बेलामा नकारात्मक ठानिने अनुवभहरू कसरी तपाईंको निम्ति मार्ग निर्देशक भएका थिए र हुनुपर्दछ?**

## ४. रोममा भएका येशूका विश्वासी अर्थात् सन्तहरू

**पावलले रोमका इसाईहरूलाई यसरी अभिभादन गर्छन्: "रोममा भएका तिमीहरू सबै परमेश्वरका प्रियजन र सन्त हुन बोलाइएकाहरूलाई, परमेश्वर हाम्रा पिता र प्रभु येशू ख्रीष्टबाट अनुग्रह र शान्ति।" रोमी १:७। पावलले व्यक्त गरेका ती शब्दहरूमा सत्यका के नीतिहरू, धार्मिक ज्ञान र विश्वास हामी अङ्गाल्न सक्छौं?**

*परमेश्वरका प्रियजनहरू रे!* परमेश्वरले सारा संसारलाई प्रेम गर्नुभएको छ भन्ने तथ्यलाई हामीले कहिल्यै पनि पन्छाउनुहुँदैन त हो। तर परमेश्वरलाई चुनेका र उहाँको प्रेमलाई खुशिसाथ ग्रहण गर्नेहरूलाई विषेश रूपमा आफ्नै ठानेर उहाँले प्रेम गर्नुहुन्छ।

यो खालको प्रेमलाई मानव जातको परिप्रेक्ष्यमा हामी बुझ्न सक्छौं। जसले हामीलाई प्रेम गर्छ त्यसलाई विषेश रूपमा प्रेम तथा माया ममता र स्नेह देखाउने हाम्रो स्वभाव हो। यदि कसैलाई हामीलाई माया गर्छौं भने त्यसले पनि हामीलाई माया गरोस् भन्ने अपेक्षा गर्दछौं। यो पारस्परिक प्रेमको नतिजा हो। तर हामीले दिएको वा देखाएको प्रेम फलदायी भएन र हामीप्रति आभारी भएन भने त्यो प्रेम सिमित प्रेम हुन्छ र त्यो प्रेमले पूर्णता पाउँदैन वा सिद्ध हुनबाट बंचित रहन्छ। *सन्तहरू हुन बोलाइएको रे!* कुनै कुनै अनुवादहरूमा "हुनबाट" भन्ने झुटालाई आइटालिक अर्थात् छड्के अक्षरमा लेखिएका छन्। यसको अर्थ अनुवादकहरूले त्यस शब्दलाई थपेको जनाउँछन्। तर यस शब्दलाई अर्थ नबदली हटाउन सकिन्छ। जब ती शब्दहरू "हुनबाट" हटिन्छ त "सन्त भनेर विश्वासीलाई नियुक्त गरिएको" पाउँछौं।

*सन्तहरू* भन्ने शब्द ग्रीक शब्द हागियोयी (*hagioi*) बाट अनुबाद गरिएको हो। यसको अक्षरस अर्थ पवित्र जन हो। पवित्रको अर्थ निष्ठावान वा समर्पित हो। जो मानिस परमेश्वरको निम्ति समर्पित भएको हुन्छ वा

परमेश्वरले अलग तुल्याइएको हुन्छ त्यसलाई सन्त भनिन्छ। कुनै पनि इसाई महिला वा पुरुषले समर्पित जीवन बिताउँदा उच्च आध्यात्मिक स्तरमा (वा सच्चिदानन्द) पुग्न त धेरै समय लाग्न सक्छ तर यो जीवन विकसित जीवन हो। लडिबुडी खेलेर येशूमा बढ्दै जाने लक्ष्य लिएर अग्रसर भएको हुन्छ। जब कुनै पनि व्यक्ति येशूलाई आफ्नो प्रभु भनेर चुन्छ तब उहाँले उनलाई सन्त भनेर नामाङ्करण गर्नुहुन्छ। बाइबलमा सन्तको अर्थ यही हो।

**कुनै कुनै मानिसहरूलाई सन्त हुन बोलाइएको हो भनेर पावलले भन्छन्। यसको अर्थ के कुनै मानिसहरूलाई सन्त हुन बोलाइएको छैन वा कसैलाई सन्त भन्न सकिँदैन भन्न खोजेको हो? पावलको यस अर्थलाई देहायका पदहरूले कसरी बुझाउन खोज्दछन्? हेर्नुहोस्: एफिसी १:४,५ "४ उहाँको सामुन्ने पवित्र र निष्कलङ्क होऔं भनेर संसारको उत्पत्तिभन्दा अघिबाटै उहाँले हामीलाई चुन्नुभयो। ५ उहाँको इच्छाको लक्ष्यअनुसार ख्रीष्ट येशूद्वारा प्रेममा उहाँले हामीलाई आफ्ना सन्तान हुनलाई अघिबाटै नियुक्त गर्नुभएको थियो", हिब्रू २:५-११ "५ हामीले कुरा गर्दैआएको त्यो आउँदो संसारलाई परमेश्वरले स्वर्गदूतहरूका अधीनमा राख्नुभएन। ६ धर्मशास्त्रको कुनै एक ठाउँमा यसो भनेर गवाही दिइएको छ, "मानिस के हो, र तपाईं त्यसको वास्ता राख्नुहुन्छ? अथवा मानिसको छोरो को हो, र तपाईं त्यसको फिक्री गर्नुहुन्छ? ७ तपाईंले तिनलाई अलि बेरको निम्ति स्वर्गदूतहरूभन्दा केही तल होच्याउनुभयो। तपाईंले तिनलाई महिमा र आदरको मुकुट पहिराउनुभएको छ। ८ तपाईंले सब थोक तिनका चरणमुनि राखिदिनुभयो।" मानिसको अधीनमा सब थोक राख्नुहुँदा तिनको अधीनबाहिर केही रहन दिनुभएन। तर यस वर्तमान समयमा सब थोक मानिसको अधीनमा भएको हामी देख्दैनौं। ९ तर हामी येशूलाई देख्तछौं। उहाँ अलि बेरको निम्ति स्वर्गदूतहरूभन्दा केही तल होच्याइनुभयो, मृत्युको कष्टको कारण महिमा र आदरको मुकुट उहाँलाई पहिराइयो, यस हेतुले कि परमेश्वरको अनुग्रहद्वारा हरेक मानिसको निम्ति उहाँले मृत्युको स्वाद चाखून्। १० यो उचित थियो, कि परमेश्वर, जसको निम्ति र जसद्वारा सबै थोकको अस्तित्व छ, उहाँले नै धेरै सन्तानलाई महिमामा ल्याउनुहुँदा तिनीहरूका मुक्तिका कर्ता येशूलाई कष्टहरूद्वारा सिद्ध तुल्याउनुभयो। ११ किनकि पवित्र तुल्याउनुहुने र पवित्र तुल्याइएकाहरू पनि सबै एउटै परिवारका हुन्। त्यसैकारण तिनीहरूलाई भाइ भन्नमा येशू शर्माउनुहुन्न।" र २ पत्रुस ३:९ "आफ्नो प्रतिज्ञाको बारेमा प्रभु ढिलो गर्नुहुन्छ भन्ने कसै-कसैको भनाइ भए तापनि उहाँ ढिलो गर्नुहुन्न, तर**

**कोही पनि नष्ट नहोस्, तर सबै जनाले पश्चात्ताप गरून् भन्ने इच्छा गरेर प्रभु तिमीहरूप्रति धैर्यवान् हुनुहुन्छ।"**

येशूको मृत्यु सबै मानव जातिको लागि हो वा विश्वव्यापी रूपमा लागु हुने घट्ना हो भन्ने जस्तो महान् शुभ समाचार अरू के होला? संसारको कुनै पनि भागमा रहेका हामी जो भएपनि उहाँमा मुक्ति पाउन हामीलाई आह्वान गरिएको छ। पृथ्वीको जग बसाल्नु वा सृष्टिको सुरू अघिदेखि नै हामीलाई सन्त हुन बोलाइएको थियो। सारा मानव जातिले येशूमा मुक्ति पाउन् भन्ने परमेश्वरको प्रथम वा सुरुको योजना वा चाहना थियो। संसारको अन्तमा केवल शैतान र उसका पतित दूतहरूको निम्ति मात्र स्वर्गबाट आगो आएर तिनीहरूलाई नष्ट गर्ने योजना थियो (मत्ती २५:४१)। तर कतिपय मानिसहरूले परमेश्वरले प्रदान गर्नुभएको मुक्तिको योजनाको परिधिमा पर्ने अवसर लिन चाहँदैनन्। यसको फलस्वरुप तिनीहरू शैतानकै मिलोमतोमा जीविका चलाउन रोजाइ गरेका हुन्छन् र तिनीहरूको स्वभाव पनि शैतानकै जस्तो दुष्ट चरित्रले भरिएको हुन्छ। अनि संसारको अन्त्यमा तिनीहरूको गति पनि शैतानको जस्तै हुनेछ। यसले गर्दा परमेश्वरको महान् मुक्तिको बरदानलाई न्युनतम अवस्थामा झारिएको छ भनेर हामीले कहिल्यै पनि ठान्नु हुन्न। क्रुसबाट नै उहाँले हामीलाई मुक्ति पाउन् भनेर आफ्ना हातहरू फैलाउनुभएको छ। यसलाई रोज्ने वा नरोज्ने त्यो आत्मनिर्णयको अधिकार हामीलाई नै सुम्पिएको छ। हामीले उहाँलाई रोजेनौं भन्दैमा वा कसैले बजारमा भोक हड्ताल गर्‍यो भन्दैमा अन्न नभएको हुँदैन भने जस्तै उहाँको अचम्मको वा प्रशस्त महान् बरदान पनि निकम्मा हुँदैन।

**बिचार गर्नुहोस्ः पृथ्वीको सृष्टि अघि नै उहाँमा तपाईंले मुक्ति पाउनु हवस भनि तपाईंलाई बोलाउनुभएको छ। त्यस आह्वानलाई अस्वीकार गराउन कुन शक्तिले तपाईंलाई रोकिराखेको छ? वा के कुनै शक्तिले प्रभुतिर तपाईंलाई आउन रोकिरहेको छ र?**

## ५. रोममा भएका येशूका विश्वासीहरू

***"८ तिमीहरूले ख्रीष्टमाथि गरेको विश्वासबारे सम्पूर्ण दुनियाँलाई थाहा छ। यसकारण पहिले म तिमीहरू सबैका लागि येशू ख्रीष्टद्वारा मेरा परमेश्वरलाई धन्यवाद चढाउँछु।*** **९ उहाँकै पुत्रको सुसमाचार सुनाएर म हृदयदेखि नै उहाँको सेवा गर्दछु। मैले तिमीहरूलाई माया मारेको छैनँ तर सधैं**

**तिमीहरूका लागि प्रार्थना गरिरहेको छु। मैले भनेको कुरा साँचो हो भनेर परमेश्वर आफैंले गवाही दिनुहुन्छ।" रोमी १:८-९**

खास गरेर रोममा चर्च कसरी स्थापना भयो भन्ने जानकारी छैन। त्यहाँको चर्चको सुरूवात पत्रुस वा पावलले गरेका थिए भनेर कतिले भन्दछन् । तर त्यसको ऐतिहासिक प्रमाण छैन । हुनसक्छ कुनै गैर-इसाई कर्मचारीले सुरू गरेको होला। जब पेन्टिकोष्टको दिनमा पवित्र आत्माको प्रवाह भएको थियो, त्यसबेला विभिन्न देशहरूबाट हजारौं यहूदीहरू येरुसलेममा चाडको लागि जम्मा भएका थिए। तिनीहरूमध्ये धेरैले येशूलाई ग्रहण गरेका थिए (प्रेरित २)। हुनसक्छ तिनीहरूमध्ये कतिपय विश्वासीहरू रोममा बसोबास गर्न वा घुमघाम गर्न गएका थिए होलान्। त्यहि क्रममा तिनीहरूले आफूले पाएका नयाँ आस्थालाई त्यहाँ फैलाएको हुनसक्छ।

पेन्टिकोस्टको समयमा येशूलाई विश्वास गर्न पुगेका मानिसहरू रोममा गएर केही दसकमै कुनै पनि प्रेरितहरूको आगमनबिना नै स्थापना भएको चर्चको बारेमा सबैले थाहा पाएका थिए भन्ने कुरो अचम्म मान्नुपर्छ। "पेन्टिकोष्टको घट्नाभएको करिब तीस वर्षपछि रोममा विश्वासीहरूको समूह खडा भएको थियो। त्यस समय कुनै पनि येशूका चेलाहरू रोममा गएका थिएनन्। तैपनि त्यहाँको चर्च प्रख्यात भइसकेको थियो। येशूलाई क्रुसमा टाँगेको बीसवर्ष भित्रै रोममा चर्च सक्रिय हुँदै बढ्न थालेको थियो। त्यस भूमिमा त्यहाँको चर्च परमेश्वरको निम्ति मजबूत र एकदम सक्रिय भएको थियो। यसकोलागि परमेश्वर आफै क्रियाशील हुनुभएको थियो।"-एलेन जी ह्वाइटको टिप्पणी, *द एसडिए बाइबल कमेन्टरी,* ठेली ६, पृ. १०६७बाट रूपान्तरित।

"विश्वास" भन्दा परमेश्वरमा निष्ठावान भएर बस्नु हो भनेर विस्तृत अर्थ लगाउन सकिन्छ। येशू ख्रीष्टमा भएको नयाँ विश्वास अर्थात् आस्थालाई पत्ता लगाउँदा तिनीहरूको जीवनमा नयाँ आमूल परिवर्तन भएको थियो।

**रोमी १५:१४मा पावलले रोममा भएको चर्चको बारेमा के चर्चा गरेका थिए?** **हेर्नुहोस्: "मेरा दाजुभाइहरू, मलाई थाहा छ तिमीहरू सज्जन छौ। सबै प्रकारले ज्ञानी छौ र एक-अर्कालाई सिकाउने शक्ति पनि तिमीहरूमा छ।"**

रोममा भएका इसाईहरूको चरित्रमा तीन गुणहरूले स्थान जमाएका थिए भनेर पावलले उल्लेख गर्दछन्। ती हुन्:

१. तिनीहरू उदार वा कल्याणकारी हृदयले भरिपूर्ण भएका थिए। के हामीमा पनि यो भएको आभास पाउँछौं र? जब अरू मानिसहरू हामीसँग

समय बिताउँछन् त के तिनीहरू हामीहरूको प्रसस्त सदाशयता, असल गर्ने नियत र हितैषी भावनाप्रति आकर्षित भएका हुन्छन्?

२. तिनीहरू ज्ञानले भरिपूर भएका थिए। आत्मज्ञान वा दिव्यज्योति पाएको अनुभव, ज्ञान र सूचनाप्रवाहलाई महत्व दिनुपर्दछ भनेर बाइबलले बारम्बार औंल्याउँछ। विश्वासमात्र गरे पुग्छ आत्मज्ञानको महत्व त्यत्ति छैन भनेर बाइबलले कहिल्यै पनि भन्दैन। बाइबल अध्ययन र यसमा भएका दर्शन तथा शिक्षाहरूको ज्ञानमा निपूण हुनुपर्छ भनेर इसाईहरूलाई प्रोत्साहन गर्दछ। ,बाइबलमा भनिएको छ“म तिमीहरूलाई नयाँ हृदय दिनेछुयसको अर्थ ÷ नयाँ दिमाग दिन्छुभनेको हो। जब कुनै मानिसको हृदय येशूमा परिवर्तन हुन्छ " भने त्यस व्यक्ति इसाई कर्तव्यमा लाग्न आफूलाई समर्पित गरेकोहुन्छ।ऊ स्पष्ट नीतिमा हिँडदछ। सत्यलाई कसरी बुझेको छ त्यहि अनुसार मानिस हिँडदछन्। बाट रूपान्तरित।२४ पृ. ,माइ लाईफ टुडे ,एलेन जी ह्वाइट-" अर्थात् इसाई जीवन केवल भक्तिमार्गमा हिँड्ने मात्र नभएर ज्ञानमार्गमा पनि ) ।(हिँड्नु हो

३. “एक आपसमा सरसल्लाह र टेवादिन सक्षम् भएका छन्" कोहि इसाई हुँ भनेर दावी गर्दछन् तब अरू विश्वासीहरूबाट टाढा रहँदा त्यो व्यक्ति आत्मिक रूपमा कसरी बढ्न सक्छन् र? उत्साह र हौसला दिन एक आपसको सहयोग चाहिन्छ। हामीले अरूलाई हौसला दियौं भने हामीले पनि हौसला पाउँछौं। येशूभक्तको जीवन गुफामय जीवन होइन। यो जीवन विश्वासीहरूको बीचमा रहेर सक्रिय हुनु हो। यसो गर्दा एक आपसमा भएका प्रेरणा बाँडफाँड गरिन्छ, अनि येशूमा दिनदिनै बढ्दै जानेछौं।

**तपाईंको स्थानीय चर्चको बारेमा तपाईं के भन्नुहुन्छ? त्यस चर्चले कस्तो नाम कमाएको छ? वा अझ आत्मआलोचना गर्ने जिज्ञासा त, के तपाईंको चर्च असल नामले प्रख्यात भएका छन् त? तपाईंको उत्तरले तपाईंको चर्चको बारेमा के भन्छ? अझ महत्वपूर्ण कुरो त तपाईंको व्यक्तिगत संलग्नताले तपाईंको चर्चको मर्यादालाई कसरी सुधार्न सक्नुहुन्छ?**

## उपसंहार:

थप जानकारीको निम्ति पढ्नुहोस्: एलेन जी ह्वाइटद्वारा लिखित *टेस्टिमोनिज फर द चर्च,* ठेली ५,पृ. ७०६मा उल्लेखित अध्याय, “द मिनिस्त्री अब द बाइबल", *आक्टस् अभ आपोस्टल्स* ३७२-३७४मा उल्लेखित अध्याय,

“सालभेशन फर द ज्युज।" एसडीए बाइबल डिक्स्नेरी, पृ. ९२२, र एसडीए बाइबल कमेन्टरी, ठेली ४६७, ४६८।

“मानव जाति अनपोक्षित मार्गमा लागेको हुनाले परमेश्वरले अपर्झट मुक्तिको योजना बनाउनु भएको थिएन। तर पृथ्वीको स्थापनाभन्दा पहिले नै मानिसको मुक्तिको निम्ति योजना तयार भएको थियो। (१ कोरन्थी २:७, एफिसी १:१३,१४ र २ थेस्सोलिनिकी २:१३,१४)। मानव जातिप्रति परमेश्वरको अनन्त प्रेमको जगको आधारमा मुक्तिको योजना तयार भएको थियो।

“उपरोक्त योजनामा विगतको अनन्त युगलाई समेटिएको थियो, यसले वर्तमान ऐतिहासिक युग, र अनन्त भविष्यलाई पनि समेटिएको छ। त्यस योजनामा धेरै महत्त्वपूर्ण यथार्थ विषयहरू समावेश भएका छन्, जस्तैः परमेश्वरका जनहरू भनेर उहाँलाई चुन्न पुगेकाहरू पवित्र जन हुन, उहाँको जन हुन चुनिन परमेश्वरको पूर्व योजना, येशूको जस्तै चरित्र वा स्वभाव हुन, मुक्ति र क्षमा पाउन, सबै थोक येशू ख्रीष्टमा एक हुन, पवित्र आत्माको छाप लगाउन, अनन्त राज्यको हकदारी हुन, र महिमित जीवन बिताउन (एफिसी १:२-१४)। त्यस योजनाको केन्द्रविन्दु येशूको महाकष्ट र मृत्यु थियो। यो कुनै मानव इतिहासमा अपर्झट भएको वा मानिसको निर्णयको उपज नभएर परमेश्वरको मुक्तिको योजनाको जगमा आधारित थियो (प्रेरित ३:२७,२८)। सही रूपमा भन्ने हो भने संसारको जगमै मारिनुभएका थुमा येशू नै हुनुहुन्थ्यो (प्रकाश १३:८)"-*द हान्डबुक अभ सेभेन्थ-डे एडभेन्टिस्ट थियोलोजी* (हागरटाउन, मेरिलान्डः रिभ्यु एण्ड हेराल्ड पब्लिशिङ्ग, २०००), पृ. २७५,२७६बाट रूपान्तरित।

“पावल झ्यालखानामा राखिएको बेलामा चर्चहरूमा गएर काम गर्न उनलाई रोक लगाइएको थियो। विगत समयमा जति स्वतन्त्र भएर उनले काम गरेर प्रचार प्रसारमा लाग्दा जुन प्रभाव उनले पारेका थिए त्यो भन्दा बेसी, चौतर्फी र दिगो प्रभाव उनी झ्यालखानामा पर्दा पारेका थिए। प्रभु येशूको बन्दि भएको नाताले इसाई विश्वासीहरूमा उनको बलियो पकड थियो। व्यक्तिगत रूपमा विश्वासीहरूकोसाथमा रहेको भन्दा येशूको निम्ति साङ्लाले बाँधिएर विश्वासीहरूको निम्ति लेखेका लेखहरूले बढि आकर्षण र सम्मान पाएका थिए।"-एलेन जी ह्वाइट, द आक्टस् अभ आपोस्टल्स, पृ. ४५४बाट रूपान्तरित।

“रोमको इसाई चर्चले स्थाइत्व पाउन् भन्ने पावलको स्नेहले भरिएको पत्रमा आशा र लक्ष्यहरू एक थियो। रोममा चर्च स्थापना भइसकेको थियो। इटाली र अरू देशहरूमा येशूको बारेमा प्रचारप्रसार द्रुतगतिमा भइरहेको थियो। त्यस पुनितकामको निम्ति विश्वासीहरूले सहायता गरुन भन्ने पावलको चाहना थियो। ती विश्वासीहरूको माझमा काम गर्न पावलले आफ्नो भूमिका तयार पार्दै थिए। ती धैरै विश्वासीहरूले पावललाई चिनेका थिएनन्। त्यसकारण आफू रोममा आउने र स्पेनमा चर्च सुरू गर्ने योजना पावलले पत्रद्वारा तिनीहरूलाई अवगत गराएका थिए।" एलेन जी ह्वाइट, द आक्टस् अभ आपोस्टल्स, पृ. ३७२बाट रूपान्तरित।

“पापी र सन्त, विश्वासी र अविश्वासीहरूको बीचमा के भिन्नता छ र तिनीहरू किन छुट्टै हुनुपर्दछ भनेर सनातनका परमेश्वरले देखाउनुभएको छ। इन्द्रेणीका रङ्गहरू जस्तै यी दुई समूहको बीचमा मिश्रण हुँदैन। बरू मध्यदिन र मध्य रात जस्तै तिनीहरू फरक हुन्छन्।" एलेन जी ह्वाइट, मेसेजेज् टु योङ्ग पिपुलस्, पृ. ३९०बाट रूपान्तरित।- रोमीको पुरानो अध्ययनमा समावेश भएका एलेन जी ह्वाइटका भनाईहरू)।

**चिन्तनमननः-**

१. प्रोटेस्टेन्ट वा सुधारवादी इसाई आन्दोलनको अर्थ के हो सो सोच्नुहोस्। यदि पन्ध्रौं शताब्दीमा मार्टिन लुथरले त्यो अभियान नचालाएको भए आजको संसार कस्तो हुने थियो होला? त्यसको बारेमा पनि सोच्नुहोस्।

२. के रे? संसारको सृष्टि गर्नुभन्दा पहिला नै हामीलाई मुक्तिपाउन आह्वान गरिएको थियो रे? यसको अर्थ के हो? हेर्नुहोस् तितस १:१,२, १ तिमोथी १:८,९। यो हाम्रो निम्ति किन उत्साह दिने धारणा हुनुपर्दछ? सबै मानिसहरूको निम्ति परमेश्वरको प्रेम कस्तो रहेछ भन्ने यस अवधारणाले कसरी देखाउँछ? परमेश्वरले प्रदान गर्नुभएको अनुग्रहको बरदानलाई मानिसहरूले अस्वीकार गर्दा कस्तो वियोग किन भोग्नुपर्छ?

३. तपाईंको चर्चको नाउँको गरिमालाई सुधार्न तपाईंले कस्तो भूमिका खेल्नु आवश्यक ठान्नुभएको छ? वा छैन?

कथा १

## परमेश्वरले भन्नु भयो "चुप लाग"

## क्रिस्टियन म्युलर, किरगिस्तान

विघटित सोभियत देश रूसको किरगिस्तान राज्यमा हाम्रो परिवार सेभेन्थ-डे एडभेन्टिस्ट चर्चका स्वयंसेवकको रूपमा काम गरिरहेका छौं।

प्रत्येक वर्ष हामीहरूले वार्षिक बिदा पाउँछौं। त्यो विदा जुनमा हुन्थ्यो जब मेरो देश अर्जेन्टिनामा जाडोको मौसम हुन्छ। कहिलेकाहीँ म परमेश्वरसँग गुनासो पोखाउँथे। मचाहीँ डिसेम्बरमा बिदा चाहन्थें जब त्यसबेला त्यहाँ गर्मीको मौसम हुन्थ्यो र मेरी आमासँग क्रिस्टमस मनाउन चाहन्थें।

एक गर्मीयामको घरबिदामा मैले आफ्नो देश अर्जेन्टिनामा जाने निर्णय गर्नुपरेको थियो किनकि मेरी श्रीमती बिरामी भएकी थिइन् र उनलाई उपचार गर्नुपरेको थियो। त्यसकारण हामीहरूले सुटकेसहरू प्याक गऱ्यौं र किरगिस्तानको ठूलो सहर टोकमोकमा रहेको हेरिटेज क्रिश्चियन छोड्यौं। त्यो स्कुल सेभेन्थ-डे एडभेन्टिस्ट स्कुल थियो जहाँ चार वर्षसम्म त्यस स्कुलको बिकास गर्न मैले निर्देशक भएर काम गरेको थिएँ।

त्यस समयमा मेरो देश अर्जेन्टिनामा फर्काउन ममाथि परमेश्वरको योजना थियो। मेरी श्रीमतीको उपचारबाहेक उहाँको समयको बारेमा उहाँले सिकाउन चाहनुहुन्थ्यो।

### परमेश्वरको चुनौति, हाम्रो आशिष

जतिबेला म अर्जेन्टिनामा थिएँ एक महिलाले मलाई फोन गरिन्। उनी एडभेन्टिस्ट थिइन् र हाम्रो कहिल्यै पनि भेट भएको थिएन। क्रिगिजास्तानको एडभेन्टिस्ट स्कुलको निम्ति सहयोग जुटाउन मैले प्रयास गरिरहेको उनले सुनेकी थिइन् र त्यसको बारेमा छलफल गर्न मलाई उनले उनको घरमा बोलाएकी थिइन्।

जब म उनको घरमा आइपुगें उनले मलाई भनिन्, "म तपाईंसँग सिधा कुरा गर्न चाहन्छु। दुई वर्ष भयो मैले घर बेच्न खोजेको तर सकेको छुइन। मैले घरको मोल आधासम्म पनि घटाएँ तैपनि मेले बेच्न सकिनँ। त्यसकारण मैले प्रार्थनामा मैले परमेश्वरलाई भनें "यदि मैले यो घर बेच्न सकेको भए म चर्चको काममा एक लाख डलर (एक करोड रूपैयाँ) म दिनेथिएँ।"

अचम्म मान्दै मेरो आँखीभौं ठाडा ठाडा भए जब म उनको कुरा सुनिरहेको थिएँ, "मैले धेरै चर्चका संस्थाहरूसँग सम्पर्क गर्न खोजें तर कसैले पनि मसँग फेरि सम्पर्क गरेनन्। तब मैले तपाईं यहाँ आउनुभएको थाहा पाएँ।"

मैले हेरिटेज स्कुलको बारेमा उक्त महिलालाई जानकारी दिएँ। उक्त स्कुलले चार लाख डलर सहयोग जुटाउन कोसिस गर्दै थियो ताकि अहिले ३३० जना विद्यार्थीहरूबाट त्यसको डबल गर्न तीन तला कक्षाहरू भएको भवन बनाउन प्रयास गर्दै थियो। “गत सालमा स्कुलले ४० जना विद्यार्थीहरूलाई भर्ना लिन सकेन" मैले उनलाई भनें।

“ठीक छ, त्यस स्कुलको लागि म पैसा दिन्छु केवल तपाईंले प्रार्थना गर्नुपर्छ किनभने दुई वर्षदेखि मैले घर बेच्न खोजिरहेको थिएँ, र झन्डै असम्भव भइरहेको छ।" ती महिलाले भनिन्।

हामीले संगैं प्रार्थना गर्‍यौं र म आफ्नो घर फर्कें। त्यस दिन बेलुका मैले यो कथा मेरी श्रीमती र मेरा छ र सात वर्षका छोराहरूलाई भनें। हामीले त्यो रातभरि र भोलिपल्ट विहानसम्म प्रार्थना गर्‍यौं। **अर्को दिन एक जना मानिस उक्त घर किन्न तयार भए।**

ती महिलाको घर बिकोस भनेर हामीले प्रार्थना त गरेका थियौं तर त्यति छिटो प्रार्थनाको जवाफ आउला भनेर हामीले सोचेका पनि थिएनौं। गर्मीको मौसममा आउनुको सट्टा जाडोमा अर्जेन्टिना आउनुपरेको कारणले हामीलाई झर्को लागेको थियो, तर परमेश्वरको योजना अर्कै थियो। त्यो घर बिक्री भएकोमा हामीलाई परमेश्वरले यो भन्नुभएको जस्तो लाग्यो, "चुप लागेर वस र म परमप्रभु परमेश्वर हुँ भनेर जान" (भजन ४६:१०)।

ती महिलाको घर बेच्ने समस्या परमेश्वरलाई थाहा थियो जसले गर्दा उनको आम्दानीले किरगिस्तानमा एक चौथो भाग कक्षाको लागि भवन बनाउन सहयोग मिल्नेछ। उहाँ र अरू धेरैलाई जसले सहयोग गरे तिनीहरूप्रति हामी आभारी छौं। अहिले सम्ममा चार भागको तिन भाग भवन बनाउन पैसा मिलेको छ र २०१७ सेप्टेम्बरमा उक्त भवनको उद्घाटन गर्ने योजना रहेको छ।

हामीले  बार्षिक बिदामा अमेरिकामा गएर सहयोग जुटाउन धेरै समय बितायौं। त्यहाँ म एक महिना बसें र अर्जेन्टिनाको महिलाले दिएको एक चौथाई रकम पनि मैले सहयोग जुटाउन सकिंन।

परमेश्वरको कामको निम्ति चन्दा उठाउनु भनेको प्रार्थना र विश्वासको प्रयास हो। परमेश्वरले मलाई जहाँ लानुहुन्छ त्यहाँ जान मैले मेरो जीवन उहाँलाई सुम्पेको छु।

यस त्रैमासिकमा उठेको भेटीको केही भाग किरगिस्तान देशको टोकमोक भन्ने शहरमा रहेको हेरिटेज क्रिश्चियन स्कुलमा बनिने सभा घर समेत भएको नयाँ बहुउद्देश्यिय भवन र अरू आवश्यक स्थानको निर्माण गर्न सहयोग मिल्नेछ।

किरगिस्तानको तथ्यः यो देश ठूला ठूला सभ्यताहरूको बीचमा छ। तेल धेरै महँगो भएकोले कतिपय कृषीको काम हात र घोडाको सहायताले नै गरिन्छ। ऐतिहासिक दृष्टिकोणमा यहाँका बासिन्दाहरू गोठालाहरू हुन् र पालमा बस्दछन्। भेंडा, घोडा र याक बस्तुहरू पाल्दछन्। ८०प्रतिशत जनताहरू मुस्लिम धर्मका छन्। १७ प्रतिशत ग्रीक अर्थोडक्सको अनुयायी हुन् भने ३ प्रतिशत अरू धर्मका। एडभेन्टिस्ट चर्चमा जम्मा ७२४ सदस्यहरू छन् अर्थात् प्रत्यक ८,४२५ मानिसहरूमा एक जना एडभेन्टिस्ट छन्।